# शान्ति शिक्षा र शान्ति स्थापना

**नारायणप्रसाद अधिकारी**
उपप्राध्यापक, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौँ

**लेखसार**

**सद्विचार नै ठुलो सुख हो । असल विचार नै ज्ञान हो । यही ज्ञानबाट शान्तिको शिक्षा र शान्ति स्थापना गर्न सकिन्छ । आत्मीय आनन्दको अनुभूति र आत्मा अनुशीलता हुनु नै शान्ति हो । यो शान्ति निर्माणका लागि यो र त्यो कुनै पक्ष चाहिँदैन । सहअस्तित्वको सिद्धान्तलाई सबैले स्वीकारी मेलजुलवादी नीति अवलम्बन गर्न सके शान्ति स्थापना हुन सक्छ । जनज्ञान, सिर्जनशील मानवतावादी सोच र सकारात्मक नैतिक मूल्यहरुलाई सबैले विश्व, राष्ट्र, समाज, परिवार र शिक्षालयमा प्रवाह गर्न सकियो भने स्थायी शान्ति स्थापना गर्न सकिन्छ ।**

**मुख्य शव्दावली**

**शान्ति, युद्ध, अहिंसा, आत्मीय आनन्द, ऋग्वेद, चाणक्य, बुद्ध, मध्यस्थता, समानता, मानवता, श्रद्धा, सहअस्तित्व ।**

## १. विषय प्रवेश

जीवनको सबैभन्दा ठुलो सुख भनेको विचार (thinking, idea) को सुख नै हो । विचार शक्ति हो, प्रेरणा हो, जीवन हो र आनन्द हो । यही कुरालाई ऋषिमुनीहरूले 'ज्ञान' भनी सम्बोधन गरे । पवित्र ग्रन्थ गीताले ज्ञानद्वारा नै शान्ति (peace) हुन्छ भनी घोषणा गऱ्यो – **ज्ञानात् शान्ति : अनन्तरम्** । यसबाट ' मार्नेभन्दा बचाउने असल हुन्छ' भन्ने कथन पुष्टि हुन्छ । विचार पनि सकारात्मक र नकारात्मक दुई प्रकारको हुन्छ । नकारात्मक विचारले भ्रष्टाचार, दुराचार, हिंसा सिर्जना गर्दछ (योगी, २०६७: ४७) ।

मानव अधिकार र शान्ति सम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरू जसले जीवनको अधिकारको सबैले सम्मान गर्नुपर्दछ भन्ने मान्यता राख्छन् । वार्ताको माध्यमद्वारा समस्याको समाधान शान्तिपूर्ण रूपमा खोज्न आग्रह गर्दछन् । युद्धमा सबैको क्षय हुन्छ र शान्तिमा सबैको जय हुन्छ । युद्ध, सशस्त्र संघर्ष र कलह भनेको मानव सभ्यताको अँध्यारो पक्ष हो जसले समाजका हरेक पक्षलाई प्रभावित पार्छ । यसका लागि सबैले अहिंसा, सद्भाव र सहिष्णुताको सन्देश छर्न सके शान्ति संस्कृतिको निर्माण हुन्छ (अधिकारी, २०६२: २९) । शान्ति स्वयं आफैँभित्र अन्तरनिहित कुरा हो । आत्म सन्तुष्टि तथा आत्मीय आनन्दको अनुभूति हुनु भनेको नै शान्ति हो ।

हिन्दूहरूको पवित्र ग्रन्थ ऋग्वेदमा समेत उल्लेख गरिएका ऋचाहरूले शान्तिका आवाजहरूलाई यसरी उल्लेख गरेको पाइन्छ – ॐ **द्यौ शान्ति, अन्तरिक्ष शान्ति, पृथ्वी शान्ति, आप (जल) शान्ति, वनस्पतय**

**शान्ति, विश्व देवा शान्ति, ब्रह्म शान्ति ।** यसबाट यस्तो परम् शान्ति पाउन हामीलाई श्रद्धा प्राप्ति होस्, सबैको जय र कल्याण होस् भन्ने स्पष्ट हुन्छ । यही ऋग्वेदीय आह्वान र सोचले विश्व शान्तिको कामना गरेको पाइन्छ । त्यसैगरी शान्तिका अग्रदूत बुद्धले पनि **अहिंसा परमोधर्म** भनी शान्तिको लागि सबैभन्दा **महत्त्व**पूर्ण पक्ष आपसी श्रद्धा र सहिष्णुता हो भनेका छन् (पूर्ववत्) । यसरी यी पवित्र उद्गारलाई मनन गर्दा श्रद्धाले स्वभावलाई कोमल बनाउँछ । स्वभावले मनलाई प्रशन्नतामा परिणत गरिदिन्छ । प्रशन्नताले विश्वासलाई जगाउन प्रेरणा दिन्छ । विश्वास र प्रेरणाले शान्तिको वातावरण निर्माण गर्न मदत गर्छ । यही नै वैद्धिक एवम् बुद्धको शान्ति शिक्षाको मर्म हो । शान्तिबिना मानव जीवन सारहीन बन्छ ।

शिक्षालाई समग्र विकासको कुञ्जी मानिन्छ । जबसम्म मानिसको चरित्र राम्रो हुँदैन तबसम्म बाहिरी विकास र भौतिक सम्पन्नताले सकारात्मक प्रतिफल दिन सक्दैन । क्षणिक सुख, सुविधा र साधनमाथिको आफ्नो पहुँच राख्ने चेष्टाले मानिस जे जस्तो व्यभिचार कुआचरण गर्न पछि पर्दैन । यसले गर्दा मानव रोग, भोग र शोकबाट पीडित हुनुका साथै अशान्त र आतङ्कित बन्न पुगेको छ । मानवीय जीवनको आधार शिक्षा हो भने शिक्षाको आधार चरित्र हो । इच्छा शक्ति, जनशक्ति र क्रियाशक्ति यी तिन शक्तिको समष्टि रूपमा सन्तुलित रहेको व्यवहार गर्नु सत्चरित्र वा चरित्र विज्ञान हो । त्यही चरित्र विज्ञानबाट नै शान्ति स्थापना र शुभकार्य गर्न सकिन्छ (save the children, 2004)।

वैज्ञानिक र प्राविधिक उन्नतिले हामीलाई समस्या दिनुको अतिरिक्त समाधान दिन्छ भन्ने केही प्रत्यानुभूति नभएको र मानव जातिले आफ्नै भ्रुण सम्बन्धी सम्पदालाई रूपान्तरण गर्न सक्ने सम्भावनाले मानव के हो त ? भन्ने विषयमा नै प्रश्न चिन्न लगाएको र उपचारगत धारणा राखी निरन्तर सतर्क भएर रहन नसकेमा हामी हाम्रा आफ्नै आविष्कारका कमरा हुने खतरा छ । त्यही खतराले भावी पुस्तालाई नै अवसर र उसको स्वतन्त्रता (freedom) बाट बञ्चित गर्ने काम भएको छ । त्यसैले अहिले नै नयाँ बाटोको पहिचान गरी अगाडि बढ्नुपर्दछ (UNESCO Bulletin, 1998: 31)

## २. लेखको उद्देश्य र विधि

यस लेखको मुख्य उद्देश्य शान्ति शिक्षाको अवधारणा, यसका मान्यताहरू पत्ता लगाउनु र शान्ति स्थापनाका उपायहरूको खोजी गर्नु रहेको छ । यो लेख तयार गर्न विभिन्न लेख रचना, जर्नल र कृतिहरूको अध्ययन गरी द्वितीयक तथ्याङ्कका स्रोतहरूको माध्यमबाट तयार पारिएको छ । यसमा लेखकका अनुभवहरूलाई पनि प्रतिविम्बित गरिएको छ । यसका साथै गुणात्मक अध्ययन विधिको प्रयोग गरी निचोडमा पुग्ने प्रयास गरिएको छ ।

## ३. युनेस्कोको शान्ति अवधारणा (UNESCO's Peace Perspectives)

सन् १९१४ देखि १९१८ सम्म भएको प्रथम महायुद्धले जनमानसमा उत्पन्न भय र त्रासलाई हटाउन र भावी युद्धको सम्भावनालाई रोक्ने उद्देश्यले तत्कालीन अमेरिकी राष्ट्रपति बुड्रो विल्सनको सक्रियतामा

१० जनवरी १९२० मा राष्ट्रसंघको स्थापना भयो । यसको असफलतापछि जर्मनमा हिटलरको उदय र उनको अतिराष्ट्रवादी र विस्तारवादी चिन्तनले प्रथम विश्वयुद्ध समाप्त भएको २० वर्षपछि नै दोस्रो विश्वयुद्ध हुन गयो । यस युद्धले पैदा गरेको विभीषिका देखेपछि विश्वमा समस्त मानव हित, अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा, राष्ट्रहरू बिच मैत्रीपूर्ण सम्बन्ध, समानता, सहयोग, मानव अधिकार आदि जस्ता उद्देश्य राखी आधिकारिक रूपमा सन् १९४५ को अक्टोवरमा संयुक्त राष्ट्रसंघको स्थापना भयो (संयुक्त राष्ट्रसंघीय सूचना केन्द्रद्वारा अनुवादित तथ्यहरू, सन् १९९८ : २) । नेपालले पनि यही उद्देश्यलाई आत्मसात गरी सन् १९५५ मा यसको सदस्य बन्यो ।

सबैलाई शिक्षाको अवसर जुटाउने, विज्ञान र संस्कृतिको विकास गर्ने, यस क्षेत्रमा पारस्पारिक सहयोग बढाउने, यसै अवसरको माध्यमबाट विश्व शान्तिको आधार बलियो बनाउने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको विशेषज्ञ समितिको रूपमा ४ नोभेम्बर १९४६ मा संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (UNESCO) को स्थापना भएको हो । यो मानव जातिको बौद्धिक, नैतिक एकतामा आधारित स्थायी विश्व शान्ति निर्माण गर्नका लागि गठित संस्था हो । शान्ति स्थापनालाई सैनिक मुठभेडले हटाउनुको अर्थ स्थायी शान्ति स्थापना प्रयाप्त छैन । यसका लागि आर्थिक, सामाजिक, सांस्कृतिक, मानव अधिकारको सुरक्षा, सु-शासन र प्रजातन्त्रिक प्रबर्द्धन र कुटनीतिक उपाय अपलम्बन गर्नु आवश्यक हुन्छ । लड्नु हुँदैन । शान्तिपूर्ण सहअस्तित्व कायम गर्नुपर्दछ भन्ने युनेस्कोको शान्ति शिक्षाको अवधारणा हो (संयुक्त राष्ट्र सङ्घीय सूचना केन्द्र, सन् १९९८ः ६६) ।

कोइराला (२०५८ः २१) का अनुसार संरचनात्मक चिन्तन (structural perspective) र समालोचनात्मक चिन्तन (critical thinking) ले क्रमशः बनाउने र भत्काउने बिच भएको संघर्षले अशान्तिको विजारोपण गरेको उल्लेख गर्नु भएको छ । त्यही अशान्ति मेट्न मिलजुलवादी चिन्तन (amicable thinking) ले शान्ति शिक्षाको जन्म भयो । यसका चिन्तनकहरू (डा. टो सुहिन, रबर्ट आर्नोभ, डेभिड हिक्स आदि) ले शान्ति (peace) शब्दलाई यसप्रकार उल्लेख गरेका छन् :

**शान्ति** (Peace) **भनेको :**

P = Participatory (सहभागिता)

E = Equality (समानता)

A = Appropriateness (उपयुक्तता)

C = Concientization (समालोचनात्मक चिन्तन)

E = Environment (वातावरण) को संयुक्त रूप वा अर्थ (meaning) हो भनी अर्थ्याए । यही अर्थ आज विचारपुञ्ज (paradigm) बन्न पुग्यो । ऋग्वेदीय सोच र भगवान् बुद्धको आत्मानुशीलताले पनि यही सोचलाई जोड दिएको पाइन्छ ।

## ४. शान्ति शिक्षाको उद्देश्य

कोइराला (२०५५) ले शान्ति शिक्षाका उद्देश्यहरूलाई यस प्रकार उल्लेख गरेका छन् :

(क) जन ज्ञान ल्याउनु,

(ख) ज्ञानको एकाधिकार समाप्त गर्नु,

(ग) सामूहिक ज्ञानको अधिपत्य जमाउनु,

(घ) समालोचनात्मक ज्ञानको खेती गर्नु ।

कोइरालाका अनुसार प्रक्रियाका रूपमा शान्त्यात्मक शिक्षा भनेको व्यक्तिको दिमागमा शान्तिको सन्देश भर्ने भगीरथ प्रयत्न हो, त्यो प्रयत्न जीवन संस्कारमा शान्तिको सोच हो । शिक्षण विधिका रूपमा पाउलो फ्रेरे (Paulo Freere) को सोचअनुसारको मुक्तिदायी शिक्षा हो, अनि उपजको रूपमा अनेकतामा एकता र एकतामा अनेकताको पाठ सिकाउने चिन्तन शिक्षा हो । समग्रमा यस शिक्षाको उद्‌देश्य नकारात्मक र सकारात्मक शान्तिको स्थापना गर्नु हो । नकारात्मक शान्ति भनेको हिंसात्मक व्यवहारको अभाव हो भने सकारात्मक शान्ति भनेको अमिल्दा व्यवहार र विचारहरूमा पनि सहज सहअस्तित्व कायम गर्ने क्षमता हो ।

## ५. शिक्षालयमा कसरी शान्ति शिक्षा दिने त ?

शान्ति स्थापना कसरी गर्न सकिन्छ भन्ने सन्दर्भमा योगी (२०६७: ४७) ले कानुनीभन्दा पनि नैतिक तागत र मानवीय विचारहरूलाई जोड दिनुपर्ने विचार व्यक्त गरेका छन् । अशान्ति हुनुमा माथिदेखि तलसम्म सबै दोषी छन् । अहिले हामी पाश्चात्य संस्कृति र क्रान्तिको लहडमा दौडिरहेका छौं । यसले कसैलाई सुखसँग बस्न दिएको छैन । क्रान्ति शब्दसित दुरुस्तै मिल्ने अर्को शब्द छ, त्यो हो - भ्रान्ति । शान्ति शब्द सरल, कोमल, निःस्वार्थ, शान्त, स्थिर, धन्य छ भने भ्रान्ति शब्द भ्रम, स्वार्थ, भ्रष्ट, मारकार, क्रुरतासँग सम्बन्धित छ । शान्ति मस्तिष्कका चालहरूबाट नभई हृदयका सुमधुर आभासहरूबाट जन्मन्छ । धर्म नभए शान्ति नहुने शान्ति नभए धर्म नहुने भएकाले यी दुवैबिच अन्योन्याश्रित सम्बन्ध छ तसर्थ, यो सम्बन्धलाई जोड्ने विधि शिक्षालयले सिकाउनुपर्दछ (पूर्ववत्, २०६७: ४९) । यसै सन्दर्भमा चाणक्य नीतिशास्त्रको एउटा श्लोकलाई यहाँउल्लेख गर्नु सान्दर्भिक हुन्छ :

**लालने बहवो दोषास्ताडने वहवो गुणाः ॥**
**तस्मात् पुत्रं च शिष्यं च ताडयेन्न तु लालयेत् ॥१२॥**

यस श्लोकको मुख्य अभिप्रायः ज्यादा लाडप्यार गर्नाले केटाकेटीहरू अटेरी भई बिग्रन सक्छन् । त्यसैले साना बालबालिकाहरूलाई कडाइका साथ व्यवहार गर्नु वेश हुन्छ । चाणक्यको सल्लाहअनुसार मातापिता र गुरुले आफना केटाकेटी र शिष्य खराब सङ्गत वा नराम्रो बानीमा नलागोस् भन्नेतर्फ विचार पुऱ्याउनुपर्छ । नराम्रो बानीबाट जोगाउन केटाकेटीहरूलाई पिट्नु जरुरी हुन्छ । यसो गर्नाले उनीहरू असल स्वभावतर्फ आकर्षित हुन जान्छन् र खराब आदतबाट जोगिन्छन् (अर्याल, २०६९: ७९) । त्यसैगरी चाणक्य नीतिको अर्को श्लोकमा जीवन निर्वाहका निमित्त चाहिने ६ ओटा गुणहरूलाई यसरी उल्लेख गरिएको छ :

**सत्यं माता पिता ज्ञानं धर्मो भ्राता दया स्वसा ॥**
**शान्ति : पत्नी क्षमा पुत्रः षडेते मम बान्धवा : ॥११॥**

यस श्लोकले मानिसका लागि सत्य, ज्ञान, धर्म, दया, शान्ति र सहनशीलता यी ६ ओटा गुण जीवन निर्वाहका लागि अपरिहार्य छन् र बन्धुतुल्य हुन भनी उल्लेख गरेको छ (पूर्ववत्: १४४) ।

यसरी चाणक्य नीतिले भने जस्तो खराब आदलते अशान्ति पैदा गर्छ । त्यसैले अभिभावक तथा गुरुहरूले बालबालिकाहरूलाई कडा निगरानीमा राख्नुपर्ने र जीवन निर्वाहका ६ ओटा गुणले शीलयुक्त बनाउनुपर्ने कुरामा जोड दिएको छ । शिक्षकहरूको काम पाठ्य विषयमा ज्ञान दिनु मात्र नभई त्यसभन्दा पर झगडा छिन्नु, बलमिच्याइँ रोक्नु र मानसिक पीडालाई मनोवैज्ञानिक उपचार गर्नुका साथै आफ्नै व्यक्तिगत दृष्टान्तद्वारा पनि शान्ति र सहिष्णुताको विश्वव्यापी मूल्यको सम्बर्धन गर्न सक्छन् (युनेस्को, सन् १९९८: १६) ।

शिक्षालयमा शान्ति शिक्षा दिने एउटै मात्र अचुक बाटो छैन । त्यसका लागि दवे (सन् १९८२) ले भने जस्तो एक दिने छलफललाई जोड दिनुपर्छ । पाइक र सेल्वी (सन् १९८८) ले भने जस्तो यो चिन्तन दिने शब्दहरूलाई विभिन्न पाठ्यपुस्तकमा समावेश गर्न सकिन्छ । गार्डन (सन् १९८८) ले सिकाएको सम्झौतावादी सिपलाई अँगाल्न सकिन्छ (कोइराला, २०५५: १११ द्वारा उद्धृत) । कोइरालाले शिक्षालयमा शान्त्यात्मक शिक्षा दिने ५ ओटा तरिकाहरूलाई यसप्रकार उल्लेख गरेका छन् :

(क) शिक्षकलाई शान्तिको शिक्षा दिएर क्रियाशील बनाउने,
(ख) समालोचनात्मक सचेतता बढ्ने छलफल विधिको अवलम्बन गर्ने,
(ग) विद्यार्थीहरूलाई सिर्जनशील मानवतावादी बन्न अभिप्रेरित गर्ने,
(घ) शान्तिमार्गबाट समस्याको समाधान खोज्ने ।

यसैगरी कोइरालाका अनुसार यो शिक्षालाई निम्न लिखित चार तरिकाले सिकाउन सकिन्छ :

(क) पढाइका विभिन्न विषयमा समावेश गरेर,
(ख) छुट्टै शैक्षणिक सामग्री बनाएर,
(ग) शिक्षण विधिमा समावेश गरेर,
(घ) शान्त्यात्मक शिक्षाको अभियान चलाएर ।

यसका लागि शिक्षकले दुई ओटा काम गर्न सक्छन् । शान्त्यात्मक शिक्षाका विश्वव्यापी मुद्दाहरूलाई कक्षा कोठामा छलफल गर्ने र विद्यार्थीको जीवन वातावरणसँग सम्बन्ध गाँसी विश्वव्यापी मुद्दासँग आबद्ध गरिदिने । शिक्षकहरूले ज्ञानको साथसाथै मूल्य, धारणा, सिप र व्यवहारको पनि हस्तान्तरण गरिरहेका हुन्छन्, जसबाट शान्ति भनेको झैझगडा नहुनु मात्र होइन, बरु सबैको जीवन पद्धति हो (पूर्ववत्) । सामाजिक न्याय (social justice) स्थायी शान्तिको लागि अपरिहार्य हुन्छ (युनेस्को, सन् १९९८) ।

यो सबै परिस्थितिको जड भनेको वस्तुतः हामीहरूमा रहेको एक अर्काप्रति अविश्वास एवम् द्वन्द्वभाव नै हो जसले हामीहरूलाई एक आपसमा मिल्न दिइरहेको छैन र भयभित बनाइरहेको छ । जनवरी महिनाको अन्तिम सप्ताहा तिर संयुक्त राष्ट्र सङ्घले क्षमादान सप्ताहको परम्परा बसाएको छ । यसमा

सबै कुरा बिर्सेर क्षमा लिने र दिने काम  गरिन्छ । यो कार्य व्यवहारमा अझै राम्ररी लागु भइनसके तापनि यो विचारलाई नेपालले लागु गर्न सक्यो भने अनन्त कालको शान्ति स्थापना हुन सक्छ (योगी, २०६७: ५०) ।

अन्त्यमा आज वैज्ञानिक अनुसन्धानले नैतिक तात्पर्यलाई बिर्सिएको छ । यसलाई मनन गर्दै शान्ति स्थापनाका निमित्त क्रियाशील हुनुपर्ने देखिन्छ । सकारात्मक मूल्यहरू जस्तै : सत्य, प्रेम, अहिंसा, दयाँ, सहानुभूति, कृतज्ञता, क्षमा, इमान्दारिता आदि नैतिक मूल्यहरू हुन् (दर्शन-दृष्टि, वर्ष ३, अङ्क १, पूर्णाङ्क ५, २०७१: ७९) । यही सकारात्मक नैतिक मूल्यहरू विश्व, समाज, परिवार र शिक्षालयमा सिक्न र सिकाउन सकियो भने शान्ति शिक्षा र शान्ति स्थापनाको पवित्र उद्देश्य पुरा हुन सक्छ ।

## ६. निष्कर्ष

शान्ति मानव जीवन रहेछ । अशान्तिमा मानतवा नै पराजित हुँदो रहेछ । शान्तिकाल सिर्जनाका लागि भएकाले शिक्षालयहरूमा आपसी श्रद्धा, सहिष्णुता, सहनशीलता, विश्वासका पाठहरू सिकाउन सकिन्छ । श्रद्धा नै शान्तिका लागि सही मार्ग पहिचान गर्ने दरिलो माध्यम हो भन्ने निचोड रह्यो । विकास, आत्मानुशासन, नैतिक मूल्यहरू, सहअस्तित्व आदिको माध्यमबाट शिक्षाको सन्देश दिने र शान्ति स्थापना गर्ने काम म, तिमी र हामीबाट सुरु गरिनुपर्दछ भन्ने मुख्य निष्कर्ष रह्यो ।

## सन्दर्भ सामग्री


अधिकारी, नारायणप्रसाद (२०६२), **युनेस्कोको शान्ति अवधारणा**, प्रज्ञा रश्मि, प्रज्ञा प्रतिष्ठान, सुर्खेत : त्रिवि प्राध्यापक सङ्घ ।

कोइराला, विद्यानाथ (२०५५), **शान्त्यात्मक शिक्षा र नेपाली शैक्षिक जगत, विकासका निम्ति शिक्षा**, काठमाडौं : सेरिड ।

कोइराला, विद्यानाथ (२०५८), **शान्ति चिन्तन, काठमाडौं** : सेरिड ।

अर्याल, मदनप्रसाद (२०६९), **चाणक्य**, काठमाडौं : एभरेस्ट गीता निकेतन ।

**पिस जर्नल** (२०५७), त्रैमासिक प्रकाशन, काठमाडौं : मानव अधिकार तथा शान्ति समाज ।

**दर्शन दृष्टि**, वर्ष ३, अङ्क १, पूर्णाङ्क ५, वैशाख २०७१ : काठमाडौं ।

संयुक्त राष्ट्र सङ्घीय सूचना केन्द्र (सन् १९९८), काठमाडौं : **संयुक्त राष्ट्र सङ्घबारे आधारभूत तथ्यहरु** ।

योगी, चिन्तामणि (२०६७), **विचारमाला**, काठमाडौं : सिद्धार्थ प्रिन्टिङ् प्रेस ।

For Peace . . .  Vol. 1, No. 3, June 2004. Save the World, Kathmandu.

Hisk, D. (1988). Understanding the field. London: Education for Peace.

UNESCO Bulletin, Vol. xxx, No. 4, Oct. 17, 1988, Nepal National Commission for UNESCO Secretariate, Kathmandu.